# जनसरोकारका विषयमा सरकारको ध्यानाकर्षण



प्रतिनिधि सभाको बुधबारको बैठकमा सहभागी सांसद ।

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, असार ३ गते*

प्रतिनिधि सभाको बुधबारको बैठकको आकस्मिक समयमा सांसदहरूले स्थानीय तथा राष्ट्रिय समस्या समाधान गर्न र किसानलाई तत्काल मलखाद उपलब्ध गराउनेलगायत जनसरोकारका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

सांसद नरेन्द्रकुमार केरुङले कोशी प्रदेशका जनताको अपेक्षा पूरा गर्न तमोर जलाशययुक्त आयोजना तत्काल सुरु गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद सीता थपलियाले क्यान्सर उपचारका लागि प्रयोग हुने महत्त्वपूर्ण औषधीको अभाव हुन नदिन र बिरामीलाई सहजै उपलब्ध गराउने व्यवस्थाका लागि सरकारसँग आग्रह गर्नुभयो।

सांसद निस्कल राईले गुणस्तर परीक्षण नगरिएको भन्दै भारतीय चिया बोर्डले नयाँ मापदण्ड लागु गरेसँगै नेपाली चिया उद्योग प्रभावित भएकाले तत्काल निर्यातको वातावरण बनाउन माग गर्नुभयो।

सांसद पार्वती विकले दाङको तुलसीपुरमा एक युवतीमाथि दुर्व्यवहार गर्नेलाई नियन्त्रणमा लिई कानुनी कारबाही गर्नुपर्ने बताउनुभयो।

सांसद खुश्बु ओली कुवेतको विभिन्न जेलमा रहेका नेपाली महिलालाई तत्काल उद्धारको पहल गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । अवैध बाटोबाट खाडीलगायतका क्षेत्रमा नेपाली महिला पुगेको जानकारी दिँदै उहाँले गैरकानुनी क्रियाकलापमा संलग्नलाई कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिनुभयो।

सांसद पूर्णप्रसाद लिम्बूले जलविद्युत् आयोजनाले अनधिकृत रूपमा प्राकृतिक स्रोतको दोहन गरेकाले कानुनी कारबाहीको माग गर्नुभयो । जलविद्युत् आयोजनाले स्थानीय आदिवासी जनजातिको हक अधिकार सुनिश्चित गर्नुपर्ने उहाँले तर्क गर्नुभयो।

सांसद अर्जुननरसिंह केसीले देशका विभिन्न स्थानका सुकुमवासी तथा अव्यवस्थित बसोबाससम्बन्धी समस्यालाई तत्काल सम्बोधन गर्न आग्रह गर्नुभयो।

सांसद रजनी श्रेष्ठले ट्राफिक दुर्घटनाले निम्त्याएको घटनाबारे जानकारी गराउँदै सडक सुरक्षा र सचेतना अभियान सञ्चालन गर्नुपर्ने धारणा राख्नुभयो। सांसद यशुदाकुमारी बरालले महिलामाथि

**प्रतिनिधि सभा बैठक**

हुने साइबर बुलिङलाई नियन्त्रण गर्नुपर्ने धारणा राख्नुभयो। उहाँले पेट्रोलियम पदार्थको मूल्य घटाएर सर्वसाधारणको जीवनयापन सहज बनाउनुपर्ने बताउनुभयो।

सांसद विष्णुबहादुर खड्काले सुर्खेतका विभिन्न स्थानमा निर्माण व्यवसायीले काम नगर्दा निर्माणाधीन पुलपुलेसा अलपत्र परेका बारे सदनको ध्यानाकर्षण गराउनुभयो।

सांसद बोधनारायण श्रेष्ठले धादिङका किसानले भोग्नु परेको कृषि समस्या समाधान गर्न सदनमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद गोविन्द पन्थीले स्थानीय तहमा बाँदर तथा बँदेल नियन्त्रण गर्न यथेष्ट बजेट विनियोजन गर्न सरकारलाई आग्रह गर्नुभयो।

सांसद विश्वराज पोखरेलले स्वास्थ्य सेवामा नागरिकको समान पहुँच प्रत्याभूत गर्न आग्रह गर्नुभयो । सांसद प्रशान्त उप्रेतीले राष्ट्रिय निकुञ्ज क्षेत्रका जङ्गलनजिकका 'बफर जोन' मा रहेका जनताको समस्यालाई दीर्घकालीन समाधान गर्न आग्रह गर्नुभयो।

सांसद इन्दिरा रानामगरले बर्खायाम लाग्न लागेकाले ग्रामीण क्षेत्रका सडक मर्मतको बजेट पुनरवलोकन गर्नुपर्ने बताउनुभयो । सांसद शोभा खनालले किसानलाई तत्काल रासायनिक मल तथा बिउबिजन उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद बिना गुरुङले गत भदौ २३ र २४ को जेनजी आन्दोलनमा संलग्न भएकालाई झुटा मुद्दा लगाइएका आपत्ति प्रकट गर्नुभयो। सांसद समिना मियाँले स्वास्थ्यकर्मीको पारिश्रमिक विभेद तत्काल हटाउन आग्रह गर्नुभयो।

सांसद बसुमाया तामाङले पर्यटकलाई सहज रूपमा आवतजावत गर्ने वातावरण बनाउन र विमानस्थलमा सभ्य र मर्यादित व्यवहार गरिनुपर्ने धारणा राख्नुभयो।

सांसद प्रमिला कुलुङले किसानको माग अनुरूप सहजै प्राप्त गर्ने गरी रासायनिक मल उपलब्ध गराउन माग गर्नुभयो। सांसद ऐनबहादुर महरले जापानमा आयोजना हुने २० औँ एसियाली खेलकुदमा नेपाली महिला राष्ट्रिय फुटबल टोलीको सहभागिताबारे जिज्ञासा राख्नुभयो।

सांसद हरिनादेवी कामीले डडेलधुराका चार सयभन्दा बढी किसानले खेतीपाती गर्दै आएको जग्गा वन कार्यालयले रोकेकामा आपत्ति जनाउनुभयो । सांसद आरेन राईले विभिन्न कालखण्डमा राजनीतिक आन्दोलनको सम्मान गर्न माग गर्नुभयो। सांसद गुरु बरालले चिकित्सा शिक्षा आयोगको बैठकमा कानुनले नचिनेको व्यक्ति प्रवेश गरेको भन्दै आपत्ति जनाउनुभयो।

## निर्धारित समयमै पुल मर्मत गर्न निर्देशन

**हेटौँडा समाचारदाता**
*हेटौँडा, असार ३ गते*

बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री दिनेशचन्द्र देवकोटाले मकवानपुरको भीमफेदी–कुलेखानी सडकखण्डमा रहेको जीर्ण चिसापानी पुलको मर्मत कार्य असारभित्रै सम्पन्न गर्न निर्देशन दिनुभएको छ। पुलको स्थलगत निरीक्षण गर्दै उहाँले काठमाडौँ र हेटौँडालाई जोड्ने सडकमा रहेको पुलको मर्मत निर्धारित समयमै सक्ने गरी आवश्यक जनशक्ति परिचालन गर्न निर्देशन दिनुभएको हो।

हेटौँडाबाट काठमाडौँ आवतजावत गर्ने हजारौँ सवारीसाधन प्रयोग गर्ने चिसापानी पुल करिब ३० वर्षअघि काठ, फलाम, ढुङ्गा र सिमेन्ट प्रयोग गरी निर्माण गरिएको थियो। समयसँगै पुलका काठ कुहिएपछि संरचना जीर्ण र जोखिमपूर्ण बनेको छ। दुर्घटनाको जोखिम बढेपछि पूर्वाधार विकास कार्यालय मकवानपुरले पुल मर्मत कार्य अघि बढाएको हो।

पूर्वाधार विकास कार्यालय मकवानपुरका अनुसार तानसेनमा पक्की पुल बनेपछि प्रयोगविहीन अवस्थामा रहेका बेलिब्रिजका सामग्री ल्याएर चिसापानी पुलको मर्मत कार्य भइरहेको छ। कार्यालयका सबइन्जिनियर वसन्त पौडेलका अनुसार करिब १० लाख रुपियाँको लागतमा श्री गौरव नेपाल इन्जिनियर्स प्रालिले २० दिनभित्र मर्मत सम्पन्न गर्ने जिम्मेवारी पाएको छ । असार २० देखि २२ गतेभित्र मर्मत कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

कार्यालयका अनुसार सोही स्थानमा करिब नौ करोड रुपियाँको लागतमा ५५ मिटर लामो र ११ मिटर चौडा नयाँ पक्की पुल निर्माणका लागि ठेक्का सम्झौताको प्रक्रिया अन्तिम चरणमा पुगेको छ। चालु आर्थिक वर्षभित्रै ठेक्का सम्झौता भई आगामी आवदेखि निर्माण कार्य सुरु हुने जनाइएको छ।

## आन्तरिक नियन्त्रण प्रणाली बनेन प्रभावकारी

**बनेपा समाचारदाता**
*बनेपा, असार ३ गते*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहमा आन्तरिक नियन्त्रण प्रणाली लागु गर्नुपर्ने व्यवस्था भए पनि काभ्रेपलाञ्चोकका अधिकांश स्थानीय तहले यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसकेको पाइएको छ।

महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०८१/८२ को लेखा परीक्षण प्रतिवेदनमार्फत जिल्लाका नगरपालिका र गाउँपालिकामा आन्तरिक नियन्त्रण प्रणाली, अभिलेख व्यवस्थापन, वित्तीय अनुशासन तथा सुशासनका क्षेत्रमा पुरानै कमजोरी दोहोरिएको औँल्याएको छ।

प्रतिवेदन अनुसार धुलिखेल नगरपालिकाले आन्तरिक लेखा परीक्षकलाई खरिद समितिको मूल्याङ्कन जिम्मेवारी दिँदा स्वार्थद्वन्द्व हुने अवस्था ल्याएको छ। नगरपालिकाले आयोजना बैङ्क तयार नगरेको, निर्माण आयोजनाको लागत अनुमान तथा दर विश्लेषण व्यवस्थित नराखेको र एकीकृत वित्तीय प्रतिवेदन सम्बन्धित निकायमा नपठाएको उल्लेख छ।

पनौती नगरपालिकाले वडा कार्यालयका जिन्सी सामानको अभिलेख मूल खातामा अद्यावधिक नगरेको, जोखिम व्यवस्थापनसम्बन्धी अभिलेख नराखेको तथा ठेक्का र कन्टिन्जेन्सी खर्चको अभिलेख व्यवस्थित नगरेको पाइएको छ। पाँचखाल नगरपालिकाले बजेट तथा कार्यक्रमको भौतिक र वित्तीय मूल्याङ्कन नगरेको तथा नागरिक बडापत्रको कार्यान्वयन अनुगमन गर्ने संयन्त्र गठन नगरेको प्रतिवेदनमा उल्लेख छ।

नमोबुद्ध नगरपालिकाले जोखिम पहिचान तथा व्यवस्थापनका अभिलेख नराखेको, ठेक्का अभिलेख व्यवस्थित नगरेको र आयोजना बैङ्क तयार नगरेको पाइएको छ । मण्डनदेउपुर नगरपालिकाले दिगो विकास लक्ष्यलाई स्थानीय योजनासँग प्रभावकारी रूपमा जोड्न नसकेको, सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको तथा मर्मत वा लिलामी गर्नुपर्ने सामग्री व्यवस्थापन नगरेको उल्लेख गरिएको छ।

गाउँपालिकातर्फ खानीखोला गाउँपालिकाले भ्रमण अभिलेख तथा प्रतिवेदन नराखेको, जिन्सी व्यवस्थापन अद्यावधिक नगरेको र वातावरण संरक्षणसम्बन्धी दीर्घकालीन योजना तयार नगरेको पाइएको छ। चौँरीदेउराली गाउँपालिकाले सार्वजनिक परीक्षण, रोयल्टी भुक्तानीका प्रमाण तथा सूचना व्यवस्थापनसम्बन्धी व्यवस्था प्रभावकारी रूपमा पालना नगरेको महालेखाको निष्कर्ष छ।

तेमाल गाउँपालिकाले आधारभूत तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण नगरेको, सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको तथा स्वास्थ्य संस्थालाई हस्तान्तरण भएका सामग्री अभिलेखमा नदेखिएको प्रतिवेदनमा उल्लेख छ । बेथानचोक गाउँपालिकाले राजस्व सङ्कलनमा पूर्ण बैङ्किङ प्रणाली लागु नगरेको, भुक्तानी प्रक्रियामा आवश्यक प्रमाणीकरण नगरेको तथा कन्टिन्जेन्सी खर्चसम्बन्धी मापदण्ड नबनाएको पाइएको छ।

भुम्लु गाउँपालिकाले विकासनिर्माणभन्दा बैठक, तालिम, भ्रमण र वितरणमुखी कार्यक्रममा बढी खर्च गरेको तथा न्यूनतम दररेट स्वीकृत नगरेको उल्लेख छ । महाभारत गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको, वार्षिक प्रगति प्रतिवेदन तयार नगरेको र ठेक्का अभिलेख व्यवस्थापन नगरेको पाइएको छ।

## थाङखोलामा तटबन्ध निर्माण

**चितवन समाचारदाता**
*चितवन, असार ३ गते*

कालिका नगरपालिकाको मध्यभाग भएर बग्ने थाङखोलाको उच्च जोखिमयुक्त क्षेत्रमा तटबन्ध निर्माण तीव्र रूपमा अघि बढाइएको छ। बर्सेनि आउने बाढीले खेतीयोग्य जमिन कटान गर्नुका साथै बस्तीमा समेत क्षति पुर्‍याउँदै आएपछि चालु आर्थिक वर्षदेखि तटबन्ध निर्माण सुरु गरिएको हो। कालिका नगरपालिकाका इन्जिनियर किशोर खतिवडाका अनुसार सङ्घीय सरकारको १२ करोड ११ लाख रुपियाँको लगानीमा ३६० मिटर लम्बाइको तटबन्ध निर्माण भइरहेको छ । हालसम्म निर्माणको करिब ७० प्रतिशत प्रगति भएको उहाँले जानकारी दिँदै आवको अन्त्यसम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको बताउनुभयो।

तटबन्ध निर्माणमा तारजाली र सिमेन्टेड प्रविधिको प्रयोग गरिएको छ । मूल्यवृद्धिलगायतका कारण देखाउँदै निर्माण व्यवसायीले पालिकाभित्रका केही कालोपत्रे आयोजनाको काम स्थगित गरे पनि थाङखोला तटबन्धको निर्माणलाई भने निरन्तर जारी राखेको इन्जिनियर खतिवडाले बताउनुभयो।



तस्बिर : शालिग्राम नेपाल

कालिका नगरपालिकाको थाङखोलामा निर्माणाधीन तटबन्ध ।

कालिका नगरपालिकाका प्रमुख विनोद रेग्मीले पालिकामा भौतिक पूर्वाधारसँगै सामाजिक तथा आर्थिक विकासका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भइरहेको बताउनुभयो। उहाँका अनुसार प्रशासनिक सुधार, महिला आयआर्जन, सिपमूलक तालिम, किसानलाई तरकारी खेती तथा दुग्ध उत्पादनमा अनुदान, कृषि सामग्री वितरणलगायतका कार्यक्रम सञ्चालनमा छन्।

नगरप्रमुख रेग्मीले जिल्लाका अन्य स्थानीय तहको तुलनामा कालिका नगरपालिकामा सडक सञ्जाल विस्तार र कालोपत्रे निर्माणको गति तीव्र रहेको बताउनुभयो। पालिकाको दुर्गम सिद्धि क्षेत्रमा कालोपत्रे सडक निर्माण सम्पन्न भई सवारीसाधन सञ्चालनमा आइसकेको उहाँले जानकारी दिनुभयो । यसै गरी कयरखोलामा निर्माण भइरहेको पुलको काम सम्पन्न हुने चरणमा पुगेको र असारदेखि साना सवारीसाधन सञ्चालनमा ल्याइने तयारी भइरहेको नगरप्रमुख रेग्मीले बताउनुभयो।

## छ्योतछ्योत–लामाबगर सडक कालोपत्रेको तयारी

**दोलखा समाचारदाता**
*दोलखा, असार ३ गते*

सङ्घीय सरकारले दोलखाको छ्योतछ्योत–लामाबगर खण्डको साढे आठ किलोमिटर सडक स्तरोन्नतिसहित कालोपत्रे गर्न ८६ करोड रुपियाँभन्दा बढी बजेट स्रोत सुनिश्चित गरेको छ । भिट्टामोड–जलेश्वर–बर्दीबास–खुर्कोट–मन्थली–तामाकोशी–सिँगटी–लामाबगर–लाप्चेगाउँ सडक आयोजना अन्तर्गत पर्ने छ्योतछ्योत–लामाबगर सडक स्तरोन्नति तथा कालोपत्रेका लागि स्रोत सुनिश्चित भएको सडक डिभिजन कार्यालय चरीकोटले जनाएको छ।

कार्यालयका सूचना अधिकारी इन्जिनियर अर्जुन नेपालीका अनुसार विपत्‌बाट क्षति भएका सडक तथा पुल पुनर्निर्माण कार्यक्रम अन्तर्गत राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना योजनामार्फत उक्त सडक कालोपत्रे गर्न लागिएको हो। परियोजनाका लागि बोलपत्र आह्वानको प्रक्रिया अगाडि बढाइएको जानकारी उहाँले दिनुभयो । उहाँका अनुसार छ्योतछ्योतदेखि लामाबगरसम्मको सडक स्तरोन्नतिसहित कालोपत्रे भएपछि माथिल्लो तामाकोशी क्षेत्रका बासिन्दा तथा यात्रीलाई आवतजावतमा सहज हुने छ।

यसअघि सिँगटीदेखि छ्योतछ्योतसम्मको सडक स्तरोन्नतिको काम डिभिजन सडक कार्यालय चरीकोटले दुई चरणमा अघि बढाइसकेको छ। पहिलो चरण अन्तर्गत १०.६६५ किलोमिटर सडक स्तरोन्नतिको कामका लागि जिएन्डजी–प्रभात जेभी काठमाडौँसँग सात करोड ९३ लाख ३६ हजार रुपियाँमा सम्झौता भएको छ। स्तरोन्नतिको काम सम्पन्न भएपछि उक्त खण्ड कालोपत्रे गरिने योजना छ। दोस्रो चरण अन्तर्गत सात किलोमिटर सडक स्तरोन्नतिको काम एमएस ओम बुद्ध–महागौरी जेभीले ११ करोड ९६ लाख १६ हजार रुपियाँमा गरिरहेको सूचना अधिकारी नेपालीले बताउनुभयो।

**कोशी प्रदेश सरकार**
**उद्योग, कृषि तथा सहकारी मन्त्रालय**
**प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय**
**कोशी प्रदेश, इनरुवा, सुनसरी**
**सूचना प्रकाशन मिति : २०८३/०३/०३**

**संस्था खारेज अगावै सफाइ पेश गर्ने मौका सम्बन्धी सूचना !**

यस कार्यालयको नियमन क्षेत्राधिकारभित्रका तपसिल अनुसारका निष्क्रिय सहकारी संस्थाहरूलाई सूचना प्रकाशन गरी अध्यावधिक हुने समय दिइएकोमा निर्धारित समयमा अद्यावधिक हुन नआएको तथा यस कार्यालयले स्थलगत अनुगमन गर्दा समेत संस्था सञ्चालनमा रहेको नपाईएकोले तत् तत् संस्थालाई प्रदेश सहकारी ऐन २०७६ (संशोधनसहित) को दफा ७३ बमोजिम खारेज किन नगर्ने ? भनी ऐ. ऐनको दफा ७३ (४) बमोजिम सरोकारवाला सबैको जानकारीको लागि १५ दिने सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | सहकारी संस्थाको नाम | ठेगाना | दर्ता नं. |
|---|---|---|---|
| १ | मोफसल प्रकासन सहकारी सं. लि. | साविक पथरी १ मोरङ | ५५०(५६)०६५/६६ |
| २ | कोशेली बचत तथा ऋण स. सं. लि. | बेलबारी ११ मोरङ साविक डागिहाट ५ मोरङ | ५६२(२९०)०६५/६६ |
| ३ | नवजागरण बहुउद्देश्यीय स. सं. लि. | साविक मृगौलिया ५ मोरङ | १९/०५७/०५८ |
| ५ | युवा कृषि सहकारी संस्था लिमिटेड | सुन्दरहरैचा ११ मोरङ | ५२३(५१)०६५/६६ |
| ६ | निलकण्ठ कृषि सहकारी सं. लिमिटेड | दुहवी २, साविक सिमरिया २ | १९(४८२)०६९/७० |
| ७ | आरोग्य स्वास्थ्य सेवा (अस्पताल) सहकारी सं. लि. | दुहवी ४ सुनसरी | १८/०६७/०६८ |
| ८ | जब्दी महिला कृषक बचत तथा ऋण स. सं. लिमिटेड | साविक हाँसपोसा ६ हाल इटहरी १९ | ४१/०६२/६३ |
| ९ | आदर्श कृषि सहकारी स. सं. लि. | साविक एकम्बा २ हाल इटहरी १६ | ७९/०६२/०६३ |
| १० | तिनकुने महिला बचत तथा ऋण स. सं. | डुम्राहा ३ हाल रामधुनी ८ | ४९(५१२)०६९/७० |

**नेपाल सरकार**
**पूर्वाधार विकास मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ**
**सडक डिभिजन हेटौँडा**
मकवानपुर

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति २०८३/०३/०४

यस डिभिजनको मिति २०८३/०२/२६ गते PPMO को EGP Portal मा प्रकाशित सूचना नं IFB: १०-२०८२/०८३ अनुसार E-Bid मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरूमध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरूको दरभाउपत्र न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं | स्वीकृतका लागि छनोट भएका बोलपत्रदाताहरूको नाम र ठेगाना | कबोल रकम (मू.अ.क. र PS बाहेक) |
|---|---|---|---|
| 1 | RDHTD/SQ/33701130/ 2082/083-46Re | M/s Indra & Sons Construction Pvt. Ltd., Nalang-03, Dhading | NRs. 15,15,440.00 |
| 2 | RDHTD/SQ/33701130/ 2082/083-47Re | M/s Abhi Construction, Birgunj-05, Parsa | NRs. 15,50,622.00 |

डिभिजन प्रमुख

**सडक डिभिजन बुटवल, रूपन्देहीको**

**निर्माण कार्य सम्पन्न गर्नेबारे अन्तिम ताकेताको सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८३।०३।०४ गते बिहीबार**

यस कार्यालय अन्तर्गत तपसिल बमोजिमका निर्माण कार्यहरूको प्रगति पेश गरेको कार्य तालिका बमोजिम नभएको सम्बन्धमा सम्बन्धित निर्माण व्यवसायीहरूलाई यस कार्यालयबाट पटक–पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत बेवास्ता गरी निर्माण कार्य सम्पन्न गर्नेतर्फ कुनै तदारुकता नदेखाएको एवं निर्माण कार्य सम्पन्न नगर्ने मनसाय देखिएको हुँदा निर्माण कार्य समयमै सम्पन्न गर्न साइटमा पर्याप्त स्रोत साधन सहित तत्काल परिचालन हुन अन्तिम ताकेता गरिन्छ। साथै, स्पष्ट कार्य योजना सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा निर्माण व्यवसायीको आधिकारिक व्यक्ति स्वयं उपस्थित भई लिखित स्पष्टीकरण तथा कार्य योजना समेत पेस गर्नुहुन सूचित गरिन्छ। तत्काल कार्य सम्पन्न गर्नेगरी साइटमा परिचालन नभएमा वा स्पष्टीकरण चित्तबुझ्दो नभएमा वा कार्य तालिका तथा कार्य योजना विश्वसनीय नदेखिएमा ठेक्का सम्झौताको र प्रचलित कानून बमोजिम ठेक्का अन्त्य गर्ने प्रक्रिया अगाडि बढाउने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|
| १ | DROBTL/ 333701130/ 080/81-35 | Upgrading/Improvement of Butwal Chauraha to GoalparkChidiya Khola Road Section (Ch. 24+000 to 27+500) to Six Lane Blacktop Road along Belahiya - Butwal Road | Babul-Darsan Malika JV, Bhairahawa Rupandehi |
| २ | DROBTL/ 33701130/ 079/80-032 | Upgrading/Widening of Maheshpur Parasi Sunwal Road , Nawalparasi West, CH 0+000 to CH 1+000 (CH 0+000 at Maheshpur chowk of the market) and Ch 20+500 to 21+000 at Sunawal Bazar, Nawalparasi | Gaurishankar Himalayan Construction, Kapan-14, Kathmandu |
| ३ | SRCTIP-DOR-WPM- RDBTW-NCB-36 | Periodic Road Maintenance Works by Asphalt concrete and close graded premix Along SiddarthRajmarga NH47 Chainage (5+080- 22+030, 16.95 km) Rupendehi | Sharma Sagun J.V, Butwal-13, Rupandehi |
| ४ | RDBTL/ 33701169/ 081/82-61 | Upgrading/Construction of road along Sainamaina-1 Major road Chethari Ghamaha Remaining Parts, Rupandehi | Darshan Malika Builders Pvt. LTd, Tilottama, Rupandehi |
| ५ | DROBTL/ 33701019/0 81/082-18 | Road Upgrading works along Butwal Bypass Road/ Link Road Rangasala Hattisud & Milan Chowk Hattisud (Buddhanagar section) in Rupandehi District | Nim Construction Company Pvt. Ltd. Rupandehi |
| ६ | DROBTL/ 337011764/ 078/079-26 | Road Upgrading Works along Guthi Prasauni - Ratangunj -Narsahi - Shrinagar - Kudiya Road (Ch.00+000 to 09+990) | Bhimeshewor Driiling & Nirman Sewa Pvt.Ltd, Suryabinayek, Bhaktapur |
| ७ | DROBTL/ 337011764/ 078/079-27 | Road Upgrading works along Palhinandan Gaupalika Ward no 2 Bhaksipur-Bhaksipur-Gopakpur-Mudera-Germa-Hardi-Rajbari-Sanai Road (Ch.00+000 to 09+260) & Other Three Branch Roads | Kasthamandap-Tirupati JV,Sunwal, Nawalparasi |
| ८ | DROBTL/ 337011764/ 078/079-29 | Road Upgrading Works along Golpark - Butwal Ma.Vi.- Jitgadhi Badel Pokhari Tamnagar Road | Sagun Thapa JV, Butwal-13, Rupandehi |
| ९ | RDBTL/ 33701138/ 082/83-29 | Construction and Rehabilitation Works on Bhairahawa Lumbini Road of Hulaki Highway (NH05) | M/S Immanuyal Nirman Sewa, Ward No. 2, Omsatiya Rural Municipality, Rupandehi |
| १० | RDBTL/ 337310113/ 082/83-30 | Periodic Road Maintenance Works along Saljhandi Kanchan Khola (Saljhandi- Satyawati) Road Section of NH52, Rupandehi | M/S Immanuyal Nirman Sewa, Ward No. 2, Omsatiya Rural Municipality, Rupandehi |
| ११ | DROBTL/ 3371574/ 073-074/246 | Construction of Bridge Over Tinau River along Siddhartha Highway Lakhanchowk-Tikuligadh-Mangalpur-Harinaiya-Mainahaiya Lumbini Road, Rupandehi District (6*40m Pre-Stressed Concrete with pile foudation) | Mrit Sanjivani Nirman Sewa, Hetauda, Makwanpur |
| १२ | DROBTL/ 3371574/ 072-73-101 | Construction of Siyari Bridge along Siyari Kamrahiya | Mainachuli Siddhi Sai Anjana JV, Kathmandu |
| १३ | 215-WRRD-DRO4/ 070/71/72/157 | Construction of pre stressed concrete bridge (pile foundation ) over Danav Bridge River along Koluwa-Khadawa Bangain-Sisai Road, Bangain Road in Rupandehi | Mrit Sanjivani Dev & Sayar JV , Kathmandu |
| १४ | DROBTL/ 3371574/ 073-074/87 (re) | Construction of Bridge over Tinau River, SonaretChiliyaMainahiya in Rupandehi District (4x35m pre-stressed concrete) | Mrit Sanjivani Nirman Sewa, Hetauda, Makwanpur |

डिभिजन प्रमुख